मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# EGGM र EGGL

# का लागि पालना गर्नुपर्ने प्रक्रिया र नियम

## १) कुखुराको ताजा अण्डाको कारोबार गर्न (भौतिक हस्तान्तरण)

- यी कराररहरुमा कुनै पनि व्यक्ति वा संस्थाले कारोबार गर्न सक्नेछन् ।
- कुनै पनि ग्राहकले यसमा कारोबार गर्नलाई बैंक अफ काठमाडौं वा ई-सेवामा आफ्नो खाता खोलेको हुनुपर्नेछ ।

## २) सामान्य नियम

- भौतिक हस्तान्तरण अनिवार्य छ ।
- करार T + २ दिनका लागि वैध रहनेछ । (T अर्थात् ग्राहकले कारोबार शुरु गरेको दिन हो र २ दिनले त्यसपछिको लगातारको २ दिन जनाउनेछ । )
- इक्विटी हिट लेभल 'प्रयुक्त मार्जिनको ४% + आधा कमिसन' हुनेछ ।
- करार समाप्ति परिसमापन, सोमवारदेखि शुक्रबार दिउँसोको ३ बजे हुनेछ । करार समाप्ति यदि बजार बिदाको दिन परेमा कारोबार हुने अर्को दिन दिउँसो ३ बजे परिसमापन गरिनेछ ।
- ग्राहकले आंशिक भौतिक हस्तान्तरण लिन पाउने छैनन् । जस्तै : यदि कुनै ग्राहकले एकपटकमा दुई लटको करार लिनुभएको छ भने वहाँले दुबै लटलाई एकैपटक राफसाफ गर्नुपर्नेछ । त्यसमध्ये एक लटको मात्र भौतिक हस्तान्तरण लिन पाइने छैन ।
- मेक्सको ग्राहक कारोबारस्थलमा (ट्रेडिङ सफ्टवेयर):
  - ✓ खुला आदेशमा देखाइएको नाफा (Floating Profit) ले ग्राहकको इक्विटीमा कुनै प्रभाव पार्ने छैन ।
  - ✓ खुला आदेशमा देखाइएको नोक्सान (Floating Loss) ले ग्राहकको इक्विटीमा प्रभाव पार्ने छ ।
- T + २ दिनपछिको भण्डारण शुल्क निम्न स्थितिमा लाग्नेछ :
  ग्राहकले पूरा रकम तिरिसकेर पनि अण्डाको भौतिक हस्तान्तरण नलिएको अवस्थामा, हस्तान्तरण नलिएसम्मनको भण्डारण शुल्क बिक्रेताले तोकेबमोजिम हुनेछ ।

## ३) हस्तान्तरण र राफसाफ प्रक्रिया

**विस्तृत प्रक्रिया :**

- ग्राहकले प्रारम्भिक मार्जिनका रुपमा 'कुल करार मूल्यको १०% + कमिसन' रकम जम्मा गरी कारोबार सुरु गर्न सक्नेछ ।
- ग्राहकले बाँकि ९०% रकम T + २ दिन दिउँसोको ३ बजेभित्र क्लियरिङ्ग सदस्यको बैंक खातामा जम्मा गरि सक्नु पर्नेछ । पूरा रकम बुझाइसकेपछि ग्राहकको खुल्ला कारोबारलाई बन्द गरिनेछ र ग्राहकले अण्डा लिन सक्नुहुनेछ ।
- ग्राहकले पूरा रकम चुक्ता गरिसकेपछि पनि T+२ दिन भित्र अण्डाको हस्तान्तरण नलिएको खण्डमा, अण्डा नलिउन्जेलको दिनसम्मका लागि भण्डारण शुल्क लाग्नेछ ।
- माथि उल्लेखित सामान्य अवस्थामा, ग्राहकको आदेश उसको खरिद मूल्य (Open Price) मै परिसमापन गरिनेछ ।
- भौतिक हस्तान्तरणका लागि ग्राहकले मेक्सको ग्राहक कारोबारस्थलमा (ट्रेडिङ सफ्टवेयर) उपलब्ध गराइएको हस्तान्तरण रसिद (Delivery Receipt) पेश गर्नुपर्नेछ ॥ सो रसिद बुझाइसकेपछि बिक्रेताले तोकेको दिन, समय र स्थानबाट अण्डा हस्तान्तरण गर्नेछ ।

**वा**

**फ्लोचार्टमा वर्णन :**

बैंक अफ काठमाण्डौ वा ई-सेवामा खाता खोल्ने र मेक्सको ग्राहक बन्ने ।

↓

प्रारम्भिक मार्जिनका रुपमा कुल 'करार मूल्यको १०% + कमिसन' रकम क्लियरिङ्ग सदस्यको बैंक अफ काठमाडौं वा ई सेवाको सेग्रिगेत खातामा जम्मा गरी क्लियरिङ्ग सदस्यलाई सुचना दिने ।

↓

सो रकम ग्राहकको कारोबार स्थलमा अपडेट हुनेछ ।

↓

ग्राहकले कारोबारस्थलबाट 'किन्ने' आदेश दिने ।

↓

ग्राहकले बाँकी ९०% रकम क्लियरिङ्ग सदस्यको सेग्रिगेत खाता(बैंक अफ काठमाडौं वा ई सेवा)मा T + २ दिन दिउँसो ३ बजे भित्र ईक्युटी हीट अघी जम्मा गर्नु पर्नेछ ।

↓

ग्राहकले बाँकी रकम T + २ दिन दिउँसो ३ बजे भित्र बुझाएमा

↓

मेक्सले ग्राहकको खुल्ला आदेश उसको खरिद मूल्य (Open Price) मै परिसमापन गर्नेछ ।

↓

अन्तत, ग्राहकले हस्तान्तरण रसिद लिएर बिक्रेताद्वारा निर्धारित मिति, समय र हस्तान्तरण केन्द्रमा वस्तुको हस्तान्तरण लिन सक्नुहुनेछ ।

## ४) टाथ पल्टिएको अवस्था

- ग्राहक टाथ पल्टिनुका २ वटा अवस्था छन्:

पहिलो अवस्था : T + २ दिन दिउँसो ३ बजे भित्र, करार मूल्यको बाँकी रकम जम्मा नगरेको अवस्था

- ✓ यदि ग्राहक नोक्सानमा छ भने ग्राहकको खुला कारोबार, करार समाप्ति परिसमापन समयको बजार मूल्यसंग परिसमापन गरिनेछ ।
- ✓ यदि नाफामा छ भने, ग्राहकको खुला कारोबार, खुला मूल्यसंग परिसमापन गरिनेछ ।
- ✓ यस अवस्थामा ग्राहकले किनेको वस्तुमा भौतिक हस्तान्तरणको लागि दाबी गर्न सक्नेछैन ।

दोस्रो अवस्था: यदि करार वैधता समयभित्र ग्राहकको खातामा इक्विटी हिट (इक्विटी 'प्रयुक्त मार्जिनको ४% + आधा कमिसन' मा पुग्दा ) हुन्छ भने, ग्राहकको खुला कारोबार बजार मूल्यमा परिसमापन गरिनेछ । तथापी ग्राहकले T+२ दिनको दिउँसोको ३ बजे भित्र बाँकी रकम बुझाएमा अण्डाको भौतिक हस्तान्तरण लिन सक्नेछ ।

- माथिका २ अवस्थामा परिसमापन हुनुको नतिजा:
  - ✓ ग्राहकले वास्तविक नोक्सान व्यहोर्नु पर्नेछ (यदि ग्राहकको कारोबार स्थलमा खुला कारोबार परिसमापनको समयमा नोक्सानमा छ भने )
  - ✓ ग्राहकले फरक मूल्यको नोक्सान व्यहोर्नु पर्नेछ (जब ग्राहकको परिसमापन मूल्य र नयाँ खरीदारको मूल्यबीच फरक हुन्छ त्यसलाई फरक मूल्यको नोक्सान भनिन्छ)
  - ✓ ग्राहकलाई थप २% जरिवाना लाग्नेछ । यो २% जरिवाना, ग्राहकको कुल करार परिमाणबाट वास्तविक नोक्सान र फरक मूल्य नोक्सान घटाएपछिको बाँकि रकममा लाग्नेछ ।
  - ✓ सबै माथी उल्लेखित रकम घटाएर मात्र बाँकी रकम ग्राहकले फिर्ता पाउनेछ ।

- ग्राहकको इक्विटी हिट पूर्व विक्रेताले ग्राहकलाई सुचना दिन सक्दो प्रयास गर्नेछ, तापनि यो विक्रेताको जिम्मेवारी होइन । यो बिषयमा ग्राहक स्वयम सचेत हुनुपर्दछ र इक्विटी हिटपूर्व परिसमापनबाट सुरक्षित हुन, आफ्नो खातामा पर्याप्त रकम जम्मा गर्नु पर्दछ ।

## ५) बैंकिङ्ग कारोबार नियम

ग्राहकले बैंक अफ काठमाडौं वा ई-सेबामा रहेको क्लियरिङ्ग सदस्यका सेग्रिगेत खातामा ' प्रारम्भिक मार्जिन + कमिसन' र बाँकी करार मूल्य जम्मा गर्नुपर्ने हुन्छ ।

## ६) गणना सहितको उदाहरण

जस्तै ग्राहकले EGG-L रु.३६० प्रति क्यारेटमा किनेको छ भने,

| | | |
|---|---|---|
| करारको कुल मूल्य | = | रु.३६० * ७ |
| | = | रु.२५२० |
| प्रारम्भिक मार्जिन | = | १० % * २५२० |
| | = | रु.२५२ |
| कारोबार शुल्क (कमिसन) | = | रु. १० |
| इक्विटी हिट लेभल | = | प्रारम्भिक मार्जिनको ४% (२५२) + आधा कमिसन (५) |
| | = | रु.१०.०८ + रु.५ |
| | = | रु. १५.०८ |
| खरिद गर्न आवश्यक रकम | = | प्रारम्भिक मार्जिन + कमिसन |
| | = | रु.२६२ [२५२+१०] |

करार वैधताको दिउँसोको ३ बजे भित्र यदि ग्राहकले बाँकी रकम (रु.२५२०-२५२ =रु २२६८) जम्मा गरेको छैन भने एक्सचेन्जले करार समाप्ति बेलाको बजार मूल्यमा खुला कारोबारको परिसमापन गर्नेछ र विक्रेताले एक नयाँ खरीदारको खोजी गर्नेछ ।

ग्राहकले मूल्य रु. ३६० प्रति क्यारेटमा किनेको थियो र वर्तमान बजार मूल्य रु.३५० प्रति क्यारेट छ भने

ग्राहकको कारोबारस्थल (ट्रेडिङ सफ्टवेयर)मा हुने वास्तविक घाटा रु.(३६० - ३५०)* ७

= रु.७०

यदि नयाँ क्रेता करारको लागि रु.३४० प्रति क्यारेट तिर्न तयार छ भने, फरक मूल्यको नोक्सान तिर्नु पर्ने दायित्व ग्राहकको हुनेछ ।

फरक मूल्य नोक्सान = रु.(३५० - ३४०)* ७

= रु.७०

फेरि, कुल करार परिमाणमा २% जरिवाना लाग्नेछ ,अर्थात्

जरिवाना = २% * [करार परिमाण-(वास्तविक घाटा + फरक मूल्य घाटा)]

= २% * [२५२० - (७० + ७०) ]

= २% * २३८०

= रु. ४७.६

*नोटः यदि २% जरिवानाको रकम बाँकी रकम (प्रारम्भिक मार्जिन-(वास्तविक घाटा + फरक मूल्य घाटा)) भन्दा धेरै भएमा, बाँकी रकम नै जरिवानाका लागि प्रयोग हुनेछ ।*

तसर्थः ग्राहकले करार वैधता भित्र बाँकी रकम जम्मा गरेको छैन र ग्राहकको खातामा इक्विटी हिट लेभल पुगेको छैन भने ग्राहकले फिर्ता पाउने रकम निम्नअनुसार रहने छ ।

= २५२–७०–७०–४७.७= रु. ६४.४

**महत्वपूर्ण बुदाँहरु :**

- यो उदाहरण ग्राहक नोक्सानी अवस्थामा छ भने लागु हुन्छ र यहि हिसाब इक्विटी हिटमा पनि लागु हुनेछ ।
- ग्राहक नाफा अवस्थामा छ भने, ग्राहकको खुला कारोबार खुला मूल्यमै परिसमापन गरिनेछ र ग्राहकले फरक मूल्य नोक्सान (यदि छ भने) र २% जरिवाना वहन गर्नुपर्नेछ । ग्राहकले नाफा रकमका लागि दाबी गर्न पाउने छैन ।
- मथि दिइएको उदाहरण EGGM मा पनि लागु हुन्छ ।

## ७) वैधानिक व्यवस्था

- ग्राहकले यस करारमा खरिद (BUY) अर्डर मात्र लिन पाउनेछन् । लिइसकेको अर्डर ग्राहकको कारोबारस्थलमा बन्द गर्ने अधिकार ग्राहकलाई नभई एक्सचेन्जलाई हुनेछ ।

- करारको वैधता पोजिसन लिएको दिनपछिका लगातार दिनहरु हुनेछ। यस समयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय बिदा पर्न सक्नेछन् । तसर्थ त्यसको गणना ग्राहक आफैले गर्नुपर्नेछ।

- करार समाप्ति T+ २ दिन (लगातार गणना हुने गरी) रहेकाले हस्तान्तरण रसिदमा सोही अनुसार उल्लेख गरिनेछ। तर करार समाप्ति बजार बिदाको दिन परेमा अर्को दिनको दिउँसो ३ बजे सम्म रकम जम्मा गर्न समय पाउने छ।

- ग्राहकले इक्विटी हिटमा पनि यदि T+२ दिनको दिउँसोको ३ बजे भित्र बाँकी रकम बुझाएमा भौतिक हस्तान्तरण लिनका लागि दाबी गर्न सक्नेछ।